गन्यापधुरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा

सुदुरपश्चिम प्रदेश, नेपाल

आ. व. २०८१।०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

२०८१ साल असार ०७ गते

www.ganyapadhuramun.gov.np

गन्यापधुरा गाउँपालिकाको गाउँ सभाको अठारौं अधिवेशनमा २०८१ साल असार ०७ गते शुक्रबारका दिन

गाउँपालिका अध्यक्ष श्री ईन्द्र बहादुर कार्की ज्युले प्रस्तुत गर्नुभएको

आ. व. २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

**गन्यापधुरा गाउँपालिका, डडेल्धुरा**

**असार ०७, २०८१**

# गन्यापधुरा गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

**(क) सम्बोधन**

**आदरणीय सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१।०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र, गैरसरकारी क्षेत्र र समुदायमार्फत साझेदारी विकास गरिनेछ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, हलियाहरु, सुकुम्वासी, अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनाबद्ध बस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**(ख) विद्यमान परिवेश**

विश्वमा देखिएको प्रान्तिय युद्धले गर्दा नेपाललाई समेत प्रभाव पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरण रकम र राजश्व बाँडफाँडमा प्राप्त हुने रकम कम हुँदै गएको छ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ हजार देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ। आन्तरिक र बाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन्। उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन्। यस सन्दर्भमा युवालाई देशिभत्रै रोजगारीको अवसर सिर्जना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडि बढाउदै तीव्र र दिगो आर्थिक विकास गरी समृद्ध गाउँपालिका बनाउनु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सिर्जना भएको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन, गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

### (ग) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

**हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन:-**

१. संविधानले दिएको अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
४. गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच सहज हुनु ।
६. सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।
८. जनताहरुलाई नजिकको सरकारबाट सेवा प्रवाह गर्न सक्नु ।

**विद्यमान चुनौतीहरू:**

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्:-**

१. अनुदानबाट प्राप्त हुने सीमित बजेट तथा आन्तरिक स्रोतको अभावका बाबजुत विकास निर्माण कार्य गर्नु ।
२. विद्यमान परिस्थितिमा रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
३. विदेश जाने युवा जनशक्तिलाई स्वदेशमा नै कृषि ब्यवसायप्रति आकर्षित गर्नु ।
४. व्यावसायिक रुपमा कामकाज गर्ने कृषि पेशालाई नै आयआर्जनको स्रोतको रुपमा विकास गर्ने कृषकको संख्या वृद्धि गर्नु ।
५. वैदेशिक रोजगारीबाट फर्केका तथा विदेशबाट नै गाउँपालिकामा केही गर्छु भनेर आउने युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
६. गाउँपालिकाभित्र निर्माण भएका पूर्वाधारहरुको मर्मत संभार गर्ने पद्धतिको विकास गर्नु ।
७. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्इङ बिना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
८. प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको भनी पहिचान भएका बस्तीमा घर लागयतका संरचना निर्माण कार्यलाई रोक्नु ।

इन्द्र बहादुर कार्की
अध्यक्ष

९. वैज्ञानिक, जलवायु अनुकुलन भू-उपयोग योजना तर्जुमा भएको अवस्थामा पूर्ण रुपमा यसलाई कार्यान्वयनमा ल्याउनु।

१०. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा) को मापदण्ड अबलम्बन नगरी अत्यधिक दोहन रोक्नु।

११. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पत्ति) को लगत तयार गर्नु, मुल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

नेपाल सरकारको हालै जारी गरेको सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गन्यापधुरा गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली जस्ता कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) मार्फत छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाउने प्रयत्न गरिनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वाबलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिइनेछ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण**

**भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी**

**भवन तथा बस्ती विकासः**

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको क्रममा छ भने १, २, ३ र ५ नं वडा कार्यालयको प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ। त्यसै गरी गाउँपालिकाको १० शैया अस्पताल निर्माणको क्रममा रहेको छ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

**सडक यातायातः**

गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको यस गाउँपालिकामा हाल सम्म २६२ किमि कच्ची सडक निर्माण भएको छ। गन्यापधुरा गाउँपालिकाको भात्काँडादेखि वडा नं. १ को असिग्राम सम्म ७ कि मि सडकमा ३ कि मि कालोपत्रे सम्पन्न भएको छ। यसैगरी मुख्य सडकहरुलाई स्तरोन्नति गर्ने कार्य भएको छ।

**खानेपानी**

गाउँपालिकाभित्र रहेका १४४ वटा खानेपानी आयोजनालाई थप व्यवस्थित बनाउनका लागि गाउँपालिकामा N WASH कार्यक्रम लागू भएको अवस्था छ। खानेपानीलाई एक घर एक धाराका रुपमा सञ्चालन गर्ने कार्य अनुरुप ३९% जनता आफ्नै घरको धाराबाट स्वच्छ पानी उपभोग गरिरहेका छन।

**सिंचाइ**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल १३०० हेक्टरमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सिर्जना भएको छ । हालसम्म यस गाउँपालिकामा ३ वटा लिफ्ट सिचाई सम्पन्न भएका छन् ।

**सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी**

पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा गरिएको छ। गाउँपालिकाले शिक्षा ऐन, २०७९ जारी गरी सोही बमोजिम शिक्षक सरुवा गर्ने कार्य सुरु गरेको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ। आर्थिक अवस्था कमजोर भएकाहरुलाई वर्षेनी छात्रवृत्ति कार्यक्रम बालबालिकाहरुले लाभ लिएका छन्। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण तथा खेलकूद पूर्वाधार विकासका कार्यहरु भएका छन। नविरणीय उर्जा कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई इन्डक्सन चुलो वितरण कार्य गरिएको छ।

**आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा शीतगृहको निर्माण भई सुचारु हुने अवस्थामा छ। कृषि ब्लक कार्यक्रम र पकेट विकास कार्यक्रमहरु सञ्चानलमा रहेका छन्। यस गाउँपालिकाभित्रका धार्मिक तथा महत्त्वपूर्ण स्थलहरूको संरक्षण र प्रर्वद्धन गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ।

गाउँपालिका तथा लघु उद्यम विकास कार्यक्रम अन्तरगत वर्षेनी थुप्रै युवाहरुलाई सीपमूलक कार्यक्रम सञ्चालन गरी व्यवसायी बनी आयआर्जन कार्यका लागि प्रेरित गरिएको छ। यस कार्यक्रम मार्फत ड्राइभिङ तालिम, हेयर कटिङ तालिम, ब्युटीसियन तालि, आलु चिप्स बनाउने तालिम, चप्पल बनाउने तालिम, होजियारी सम्बन्धी तालिम, साबुन बनाउने तालिम जस्त सीपमूलक र आय आर्जन गर्ने खालका तालिम सञ्चालन गरिएको छ।

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्नका लागि सबै वडामा जग्गा नापजाँच कार्य सम्पन्न भएको छ। जनता आवास कार्यक्रम मार्फत हालसम्म १५४ घरहरुको छानो विस्तार गरिएको छ।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोगबुढा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

इन्द्र बहादुर कार्की
अध्यक्ष

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

विपद्बाट हुने क्षति न्यूनीकरण गर्न गाउँपालिकामा विपद् सहायत कक्ष स्थापना गरिएको छ । गाउँपालिका अन्तर्गतका प्रहरी चौकीहरुलाई विपद् उद्दार सामग्रिहरु वितरण गरिएको छ । गाउँपालिकाको विपद् प्रतिकार्य योजना तयार भएको छ । विपद्बाट पुनः निर्माण पूर्ण रुपमा घरमा क्षति भएका ४ जना परिवारहरुका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको सहकार्यमा घर निर्माण गर्न कार्य अगाडि बढाइएको छ । वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ ।

**सुशासन तथा संस्थागत विकासमा भएका उपलब्धी**

गाउँपालिकाले हालसम्म आफुलाई आवश्यक पर्ने कानूनहरुको निर्माण गरी कार्य गरिरहेको छ । गाउँपालिकाले आर्थिक सर्वेक्षण, २०८०, स्वतः प्रकाशन जस्त कार्यलाई नियमित गरेको छ । राजश्व सुधार कार्ययोजना तयार गरी यसको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ । राजश्व चुहावट तथा सम्भावित जोखिमलाई कम गर्नका लागि सूत्रबाट नै राजश्व संकलन गर्ने गरिएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६५.७५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७७ अङ्क प्राप्त गरेको छ । यस गाउँपालिकाको गत आ. व. २०७९।०८० को बेरुजु अंक सुदुरपश्चिममा नै सबैभन्दा कम रहन गई ०.२०% कायम रहको छ ।

**सभाका सदस्यज्यूहरु,**

**अब म आर्थिक वर्ष २०८१/०८२ को प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. शैक्षिक विकासमा सिकाई आदानप्रदान गर्नका लागि अन्तर विद्यालय अवलकोन भ्रमण तथा सिकाई आदानप्रादन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२. विद्यालय छोड्ने दरमा कमी ल्याउन तथा स्वस्थ, सक्षम र सफल विद्यार्थी उत्पादन गर्न सामुदायिक विद्यालयहरुमा पोषणयुक्त आहारको व्यवस्था गरी कक्षा ६ सम्म दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरी निरन्तरता दिइनेछ । विद्यालयमा छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याडको व्यवस्था गरिनेछ ।

३. गाउँपालिकाको शिक्षा ऐन, २०७९ अनुरुप सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

४. शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, बालविकास केन्द्र, विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक र पदाधिकारीलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

५. निःशुल्क तथा गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयहरूलाई सेवा करार र कार्यविधि बमोजिम शिक्षण सहयोग अनुदान र विद्यालय अनुदान उपलब्ध गराइनेछ ।

६. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनोपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

इन्द्र बहादुर कार्की
अध्यक्ष

७. स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यसामग्री विकास गरी पाठ्यक्रम कार्यान्वयन गर्नका लागि विद्यालय र शिक्षकको क्षमता विकास गर्न आवश्यकता अनुसार तालिमको व्यवस्था मिलाइनेछ ।

८. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ ।

९. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।

१०. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक बिचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एकीकृत शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

११. आर्थिक रुपले विपन्न, टुहुरा तथा जेहेन्दार बालबालिका र सामाजिक रुपले पछि परेका समुदाय तथा वर्गलाई प्राथमिकता दिँदै गाउँपालिका अध्यक्ष अभिभावकत्व, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम निरन्तरता दिइनेछ ।

१२. विद्यालय र गाउँपालिकाको सहकार्यमा शैक्षिक सत्रको प्रारम्भमा सघन विद्यार्थी भर्ना अभियान सञ्चालन गरी विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

१३. गाउँपालिकाको शैक्षिक पार्श्वचित्र समय समयमा अद्यावधिक गरिनुका साथै शैक्षिक बुलेटिन निर्माण गरी विद्यार्थी, शिक्षक, कर्मचारी, संरचना, नीति, रणनीति तथा परिणामको जानकारी पाउने गरी शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१४. आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाई गुणस्तरमा सुधार गरी यसलाई मानकका रुपमा विकास गरिनेछ ।

**ख. संस्कृति तथा कला संरक्षण सम्बन्धी नीति तथा कार्यक्रम**

१. यस गाउँपालिकाभित्र रहेका महत्त्वपूर्ण धार्मिक क्षेत्रहरुको संरक्षण तथा संवर्धन गर्न केन्द्र तथा प्रदेश सरकार तथा अन्य मन्त्रालय/ निकायहरुसँग समन्वय गरी पर्यटन प्रवर्धन गर्ने कार्यमा जोड दिइनेछ ।

२. गाउँपालिकालाई खुला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्का कार्यको सम्भाव्यता अध्ययन गरिनेछ ।

३. यस गाउँपालिकाभित्र बसोबास गर्ने सबै समुदायले परम्परागत रूपमा मनाउँदै आएका जाँत, चौलो, नाच, आदि चाडपर्व, धर्म संस्कृति एवम् मठ मन्दिर तथा ऐतिहासिक स्थलहरूको संरक्षण र सम्बर्धन गरिनेछ ।

४. धार्मिक क्षेत्रमा श्रद्धालु भक्तजनहरुलाई आवतजावतमा सहज होस भन्नका लागि पदमार्ग निर्माण गरिनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न सम्पुर्ण खेलकुदहरु संचालन गर्न सकिने गरि पालिका सदरमुकाममा एउटा सुविधा सम्पन्न पालिका स्तरीय खेल मैदान निर्माण गरिनेछ । साथै प्रत्येक वडामा कम्तीमा एउटा खेल मैदान निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

इन्द्र बहादुर कार्की
अध्यक्ष

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

२. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गरिनेछ।

३. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरी आर्यआर्यजनमा प्रेरित गरिनेछ । यसको लागि लघु उद्यम विकास शाखालाई क्रियाशिल बनाईनेछ ।

४. गाउँपालिकाभित्रका क्षेत्रीय र राष्ट्रिय स्तरका खेलमा सहभागी हुने खेलाडीहरु र प्रतिभावान व्यक्तिहरुलाई उचित प्रोत्साहन र सम्मान गरिनेछ ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. सामाजिक न्याय र सामाजिक आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने गरी टोल विकास समितिहरूको क्षमता अभिवृद्धि गरिनेछ । उत्कृष्ट टोल विकास समितिलाई टोल विकास कार्यका लागि सामग्री अनुदान दिई पुरस्कृत गर्दै लगिनेछ ।

२. ज्येष्ठ नागरिकहरूप्रति सम्मान तथा आदर अभिवृद्धि गर्दै अन्तरपुस्ता सीप हस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ । आगामी वर्षहरुमा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा सम्मान गर्ने नीति लिइनेछ ।

३. मातृशिशु स्वास्थ्य सुधार, नियमित गर्भ जाँच र स्वास्थ्य संस्थामा सुत्केरी हुन वा संस्थागत सुत्केरीलाई प्रोत्साहित गरिनेछ ।

४. बालममैत्री पूर्वाधारहरूको विकास गर्दै बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप सरोकारवाला सबैको समन्वयमा असहाय बालबालिकाको संरक्षण गर्दै बालश्रममुक्त गाउँपालिका बनाइनेछ ।

५. गरीब, पिछडिएका वर्ग, द्वन्द्व पीडित, तेस्रो लिङ्गी, एच.आइ.भी. पीडित, सुकुम्बासी, हलिया, अनाथ बालबालिका लगायत आदिवासी, जनजाति, दलित र अपाङ्गता भएका सबै समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गका तथा सामाजिक कुप्रथाका कारण समाजमा पीडा भोग्नु परेकाहरुका लागि सामाजिक तथा आर्थिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. यस क्षेत्रमा रहेका अति विपन्न, असहाय, टुहुरा बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्नका लागि जनप्रतिनिधि राहत कोषलाई निरन्तरता दिनइनेछ ।

७. न्यायिक समिति र मेलमिलाप केन्द्रलाई सक्षम तथा प्रभावकारी बनाइनेछ । यसका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. महिला हिंसा, सामाजिक विभेद र कुरीतिलाई न्यूनीकरण गर्न संगठित समूहहरू (आमा समूह, महिला सहकारी समूह, महिला कृषि समूह आदि) लाई सामाजिक न्याय, प्रतिनिधित्व र पहुँच विषयमा अभिमुखीकरण गरिनेछ ।

९. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धारका लागि लैङ्गिक हिंसा कोष खडा गरी कोष मार्फत हिंसामा परेका व्यक्तिहरुको उद्धार गरिनेछ ।

१०. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहीस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. टुहुरा, गरिव, अतिविपन्न, एकल महिलासँग उपाध्यक्ष अभिभावकत्व कार्यक्रम सञ्चालन गरिने छ ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष

१२. गाउँपालिकाभित्र पहिचाना हुन बाँकी रहेका मुक्त हलियाको पहिचान गरी उनीहरुको उत्थान र विकासका लागि राष्ट्रिय मुक्त हलिया समाज महासंघसँगको सहकार्यमा विभिन्न तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३.ऐतिहासिक कालदेखि दलित तथा शीप्लि समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।

१४.गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१५.गाउँपालिका तथा वडास्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१६.गाउँपालिकाका केही वडालाई बालमैत्री वडा घोषणा गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकामा नियमित रुपमा आँखा चेकजाँच तथा उपचार सेवा उपलब्ध गराउने गरी आँखा उपचार केन्द्र स्थापना गरिनेछ। वर्षमा कम्तीमा १ पटक विशेषज्ञ सेवा सहितको शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२. पुर्णखोप सुनिश्चितता वडा तथा गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्थाको हरेक वर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ। कोल्ड चेन व्यवस्थापनलाई निरन्तरता दिइनेछ। गर्भवती महिलालाई हरेक पटक गर्भ जाँच गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ। पाँच वर्ष मुनिका बच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

३. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

४. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

५. पूर्ण गर्भवती जांच एवं पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई लागू गरिने छ। सुत्केरीसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ। "इच्छाइएको गर्भ, सुरक्षित तथा स्वस्थ गर्भ" भन्ने मुल नाराका साथ हरेक गर्भलाई परिवार तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक तथा घुम्ती अल्ट्रासाउन्ड शिबिर संचालन तथा परिचालन गरिनेछ।

६. आकस्मिक प्रसुति सेवाका लागि बर्थिङ सेन्टरलाई थप व्यवस्थित र विस्तार गरिनेछ।

७. आर्थिक रुपमा अति विपन्न, असहाय, टुहुरा बालबालिका तथा गर्भवती महिलाहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

८. नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित गरिनेछ। महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि आर. आर. टि. लाई तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यका लागि औषधि, खोप तथा स्वास्थ्य सम्बन्धी सामग्रीहरु तयारी हालतमा राखिने छ।

९. **क्षयरोग मुक्त गाउँपालिका बनाउनका लागि** क्षयरोगका बिरामीलाई पोषण भत्ताको व्यवस्थापन गरिनेछ। क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ। Dots विधिबाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाउने छ। जटिल प्रकारका क्षयरोगहरु (DR/SDR) लाई समयमै पहिचान तथा व्यवस्थापनको लागि पहल गरिने छ। क्षयरोग तथा नसर्ने रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ।

१०. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ। वञ्चितीकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता



इन्द्र बहादुर कार्की
अध्यक्ष

गराउने, स्वास्थ्य आमा समुहलाई थप सुदृढीकरण गराउन महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई थप उत्प्रेरित गरिनेछ। बर्थिङ सेन्टरहरुमा प्लासेन्टा पिट तथा फोहोर व्यवस्थापन गर्न खाडलहरुको निर्माण अनिवार्य गरिने छ।

११. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी वनाउन स्वास्थ्य संस्थाहरुबाट गरिने मासिक प्रतिवेदन पद्दति तथा समीक्षा बैठकलाई निरन्तरता दिइने छ। रेकडिङ रिपोर्टिङ कार्यमा संलग्न स्वास्थ्यकर्मीलाई DHIS2 को तालिमको प्रबन्ध मिलाइने छ।

१२. सामाजिक सुरक्षा कार्यक्रमका लागि राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ। विमितहरुको संख्या वृद्धि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरु (घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरु) संचालन गरिनेछ। सीमान्तकृत, गरीब तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने नीति अवलम्बन गरिनेछ। बिमीतहरुको नियमित नवीकरणको लागि प्रोत्साहित गरिनेछ।

१३. निःशुल्क औषधि वितरण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि औषधि, खोप तथा स्वास्थ्य सम्वन्धी सामग्रीहरुको भण्डारणको लागि उपयुक्त भण्डारण कक्षको व्यवस्था गरिनेछ।

१४. राष्ट्रिय यौन तथा एडस नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि प्रारम्भिक जाँचमा शंकास्पद देखिएका बिरामीहरूलाई सुनिश्चित गरिने जाँचको सेवा पाईने स्थान सम्म जानको लागी यातायातको व्यस्थापनका पहल गरिने छ।

१५. एच.आई.भि. प्रभावित बच्चाहरूको पोषण तथा शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ भने एच.आई.भि. संक्रमित व्यक्तिहरुको जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१६. विद्यालयस्तरमा किशोर किशोरी साथी शिक्षा तथा यौन शिक्षा कार्यक्रम तथा सचेतनाको लागि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम लागु गरिनुका साथै विद्यार्थीहरुको नियमित स्वास्थ परीक्षण गर्ने व्यवस्था मिलाइनेछ। यसको लागि स्थानीय स्वास्थ्य संस्थाहरुलाई परिचालन गरिनेछ।

१७. नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१८. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

१९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औद्योगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ। औद्योगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

२. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ। यसका लागि स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन्।

३. औद्योगिकग्राम पूर्वाधार निर्माण कार्य केन्द्र सरकार तथा प्रदेश सरकार र स्थनीय साझेदारीको अवधारणामा सञ्चालन गरिनेछ।



इन्द्र बहादुर कार्की
अध्यक्ष

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

४. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरल र प्रभावकारी बनाइनेछ ।
५. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ ।
६. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ ।
७. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
८. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. आर्थिक तथा पोषण सुधारको लागि प्रत्येक वडामा कम्तीमा एउटा समुहमा नमुना तरकारी विकास कार्यक्रम संचालन गरिनेछ ।
२. उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।
३. गाउँपालिकाभित्र रहेका छाडा चौपायाहरुको व्यवस्थापनका लागि टहरा निर्माण तथा पशु ट्यागिङको कार्यक्रम सञ्चालन गरिनेछ ।
४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।
५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गीकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।
६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, तथा गोदाम घरहरु जस्ता कृषिको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।
७. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नति गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ ।
८. **विकास र समृद्धि, कृषि क्षेत्रमा लगानी बृद्धि** भन्ने मुल नाराका साथ आधुनिक र व्यावसायिक कृषिमा लगानी वृद्धि गर्दै जनताको आयस्तर वृद्धि गरी विदेशमा रहेका युवाहरुलाई आस र भरोसाका साथ कृषि क्षेत्रमा संलग्न हुने वातावरण मिलाई आफ्नै गाउँमा काम गर्ने वातावरण तयार गरिनेछ ।
९. गाउँपालिकाभित्रका उत्कृष्ट कृषकहरुलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
१०. सम्भाव्यताका आधारमा बाली र पशुपालन विशेष पकेट क्षेत्र निर्धारण गरी ***एक गाउँ, एक उत्पादन*** कार्यक्रमलाई व्यावसायीकरण गर्दै लगिनेछ ।
११. पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, कृत्रिम गर्भाधान, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशुपालन क्षेत्रको रूपमा विकास गरी माछा, मासु, दुध, तथा फलफूलमा आत्मनिर्भर गाउँपालिका बन्न प्रोत्साहन गरिनेछ । निर्वाहमुखी पशुपालन व्यवसायलाई जोवनोपयोगी व्यवसायतिर उन्मुख गर्नका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

१२.कृषिमा आत्मनिर्भर बनाउन मौसमी तथा बेमौसमी तरकारी उत्पादन, नमुना बगैंचा निर्माणमा जोड दिई साना तथा सहकारी सिंचाई र प्लाष्टिक पोखरी निर्माणमा जोड दिइनेछ। यस कार्यका लागि क्षमता विकास कार्यक्रमका साथै प्लाष्टिक पोखरी तथा टनेलहरु अनुदानमा वितरण गरिनेछ।

१३.उन्नत जातका तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। रैथाने जातका (गड्डी भैंसी र खरी जातका बाख्रा) पशुहरुको संरक्षण र सम्बर्धनका लागि पहल गरिनेछ। सामुदायिक तथा निजी वनमा एकवर्षे तथा बहुवर्षे घाँसका बिउ, बेर्ना र डाले घाँस रोपण गरी घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ।

१४.आलुको पकेट विकास कार्यक्रमलाई अन्य क्षेत्रमा विस्तार गर्न संघ सरकारको आलु सुपर जोन र भटमास खेतीलाई प्रवर्द्धन गर्न कृषि जोन कार्यालयसँग समन्वय गरी यस्ता कार्यक्रमलाई निरन्तता दिइनेछ।

१५.गाउँपालिकाभित्र बाँझो जग्गा तथा हैसियत बिग्रेको जग्गामा फलफुल खेती गर्ने कृषकहरुलाई क्षेत्रफलको आधारमा प्रोत्साहन गरिनुका साथै बाली बीमा र पशु बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

१६.युवाशक्तिलाई कृषि कार्यतर्फ उत्प्रेरित गर्न बाँझो लगायतको जग्गामा तरकारी, खाद्य, तेलहन, दलहन, फलफुल आदि जहाँ जे उत्पादन हुन्छ, (धान, गहुँ, कोदो, मकै,आलु,भटमास,सिमी,फलफुल आदि) त्यसको उत्पादन बढाउनका लागि **"कृषि उत्पादन बढाऔं, खाद्यान्नमा आत्मनिर्भर बनौं"** कार्यक्रम सञ्चालन गरिनेछ।

१७. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ।

१८. **"हामी विकास गर्न सक्छौं सबै सम्भव छ हाम्रो गाउँको विकास म स्वयंबाट सुरु गर्छु"** भन्ने नारालाई आत्मसाथ गर्दै आधारभुत गाउँ स्वयंसेवी गाउँ तथा आत्मनिर्भर गाउँ घोषणा गर्दै लगिनेछ।

## ग. भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. स्थानीय आर्थिक विकासलाई योजनाबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको उत्पादन देखि बजारीकरण सम्ममा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

३. स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ।

४. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बिउँ पूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

५. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

६. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गर्दै रोजगारीका अवसरहरु पहिचान गरी रोजगारी प्रदान गरिनेछ।

इन्द्र बहादुर कार्की
अध्यक्ष

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा

८. गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाको प्रभावकारी अनुगमन र नियमन गरी सहकारीको सिद्धान्त, मूल्य मान्यता र आदर्श बमोजिम संचालन हुने वातावरण तयार गरिनेछ । एउटै समुदायमा समान उद्देश्य लिई स्थापना भएका सहकारी संस्थाहरुलाई एकीकरण (मर्ज) गर्न पहल गरिनेछ । यस क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरुलाई COPOMIS प्रणालीमा आवद्ध हुन आवश्यक पहल गरिनेछ ।

९. भुमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी, मोहियानीहरुको लगत संकलन कार्य सकिएकाले आगामी वर्ष सुकुम्बासी तथा अव्यवस्थितहरुका बसोबासीको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थताका आधारमा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराइनेछ ।

१०. कर छुट सहितको औद्योगिक ग्रामलाई विस्तारै कार्यान्वयनमा ल्याइनेछ ।

## ३. सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाको सहकार्यमा जनहीतकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सर्वसाधारणको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।

२. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

३. गाउँपालिकामा एकीकृत नागरिक स्वास्थ्य बिमा कार्ड मार्फत खरिद गरिनेछ ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

५. यस गाउँपालिका मातहतका सबै निकायहरूमा इन्टरनेटको पहुँच सुनिश्चित गर्दै प्रविधिमैत्री विद्युतीय शासन (ICT Friendly E-Governance) र न्यून कागजी कार्यालय (Less Paper Office) का रूपमा विकास गरिनेछ ।

६. सेवाग्राही, कर्मचारी र नागरिकको जुनसकै प्रकारका गुनासालाई यथाशीघ्र व्यवस्थापन गर्नका लागि गाउँपालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।

७. आगामी वर्षदेखि राजश्व संकलन कार्यलाई एकीकृत गर्नका लागि पूर्ण रुपमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा आधारित रही राजश्व संकलन कार्य गरिनेछ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

२. मेलमिलाप तथा बहु सरोकारवाला द्वन्द्व रुपान्तरणको लागि दक्ष जनशक्ति उत्पादन तथा परिचालकका साथै न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. गन्यापधुरा गाउँ सभाबाट तथा गाउँ कार्यापलिकाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. स्थानीय स्तरमा रहेको अन्तरव्यक्ति विवाद समाधानको लागि मेलमिलाप प्रक्रिया, बहु सरोकारवाला विवाद रुपान्तरणका लागि संवाद विधिको अवलम्वन गरिने छ ।

ईन्द्र बहादुर कार्की
अध्यक्ष

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## ५. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्ने गरी गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response) लाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछर्यौट गर्ने कार्य अगाडि बढाईनेछ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिकाको कार्यालयको वेवसाइटमा प्रकाशित गरिनेछ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिला सुस्तीमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका, वडा कार्यालयहरु र सार्वजनिक कार्यालयहरुमा सुझाव पेटिकाहरु राखिने छ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागजविहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

८. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्‍याउन मोबाइल एप्स प्रयोग गरी परिपत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीति लिइनेछ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

११. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धतिलाई अद्यावधिक गर्दै लगिने छ।

१२. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१३. सुशासन प्रवर्द्धनका लागि आवश्यकतामा आधारित जनप्रतिनिधि र कर्मचारीहरूलाई नीति निर्माण तथा कार्यालय व्यवस्थापन लगायतका विषयमा आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४. खरिद कार्यलाई विद्युतीय बोल कवोल E-Bidding प्रणालीलाई निरन्तरता दिइनेछ।

१५. सबै खाद्य पसलहरूमा मूल्य सूची अनिवार्य राख्न लगाउने तथा अधिकार सम्पन्न गाउँपलिका स्तरीय बजार अनुगमन समितिलाई सक्रिय बनाई वडाभित्रका सम्पूर्ण क्रियाकलाप तथा बजार अनुगमन कार्यलाई संयुक्त रुपमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१६. गाउँपालिकाका काम कारवाहीलाई पारदर्शी बनाउनका लागि आगामी वर्षदेखि प्रत्येक वडामा तथा गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।

१७. यस गाउँपालिकाभित्र काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि बाहिरबाट आउने कर्मचारीहरुलाई आवासको व्यवस्थाका साथै उत्कृष्ट कर्मचारीहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिनइनेछ।



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

ईन्द्र बहादुर कार्की
अध्यक्ष

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. फोहोरमैला व्यवस्थापन, वन तथा भू-संरक्षण

१. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. गाउँपालिकाभित्र रहेका सबै सार्वजनिक जग्गाको लगत सङ्कलन गरी सूचीकृत र संरक्षण गर्न पहल गरिनेछ ।

३. अमूल्य जडीबुटीको खानी, प्राकृतिक श्रोतले भरिपूर्ण र लोपोन्मुख वन्यजन्तुहरुको बासस्थान तथा खानेपानीको मुल श्रोतको रुपमा रहेको महाभारत वन क्षेत्रलाई संरक्षण गर्नका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

४. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५. कटानको जोखिम रहेका नदीहरूमा जैविक तथा जालीदार तटबन्ध तथा नदी किनारमा वृक्षरोपण गरी बाढीबाट हुने कटानलाई नियन्त्रण गरिनेछ ।

६. गाउँपालिकाभित्र रहेका सामुदायिक वनहरुका बीचमा समन्वय सहकार्य गर्दै अगाडि बढ्ने नीति लिइनेछ ।

७. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।

८. प्लाष्टिक जन्य फोहोर मैला नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

९. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

१०. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण कार्य गरिनेछ ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने नीति लिइनेछ ।

२. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा सरोकारवालाहरुको संलग्नतामा विकास योजनालाई वातावरणमैत्री बनाउँदै लगिनेछ ।

३. पूर्वाधार आयोजनाहरुको निर्माण गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

४. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

५. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

६. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

ईन्द्र बहादुर कार्की
अध्यक्ष

कन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

८. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

९. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

१०. विपद् जोखिमका लागि विपद् व्यवस्थापन कोष मार्फत विपद्मा परेकाहरुलाई राहत वितरण तथा उद्दार कार्यमा स्रोतको प्रभावकारी परिचालन गरिनेछ ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुर्नउत्थानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी गर्नका लागि गाउँपालिकाले तयार गरेको विपद् प्रतिकार्य योजना लागु गरिनेछ ।

१३. सबै वडाहरुमा विपद् सुरक्षा युवा दस्ता गठन तथा विपद् प्रतिकार्य तालिम सञ्चालन गरी विपद् जोखिम न्यूनीकरण गर्न पहल गरिनेछ । यसका लागि स्थानीय स्तरका संघ संस्थाहरु रेडक्रस, बालक्लब, युवा क्लबलाई विपद् कार्यका लागि प्रोत्साहन गरिनेछ ।

१४. प्राकृतिक प्रकोप तथा विपदमा परेकालाई ***तत्स्थान सहयोग*** (support on the spot) को कार्यक्रम अनुरुप गाउँपालिकामा मापदण्ड बमोजिमको कम्तीमा **एउटा हेलिप्याड** निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१५. बाढी पहिरो र विपदबाट क्षति भएको घरहरुको पुनः निर्माणका लागि राष्ट्रिय विपद् प्राधिकरणसँगको सहकार्यमा सुरक्षित स्थानमा आवास निर्माणका लागि पहल गरिनेछ ।

## ७. पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. सडक पूर्वाधार

१. दीर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिकामा सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. गाउँपालिकाभित्र रहेका सडकहरुलाई १२ महिनै निर्वाध रुपमा सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ । यसका लागि सकायल-देवल-कैलपालमाडौं सडक, कोराल-मोई- रेल सडक, भात्काँडा-फल्टाडी-बडाल सडक, कुलाउखोला डिल गणेशपुर सडकलाई स्तरोन्नति गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरिनेछ । यस कार्यका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

४. गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।

५. गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको भात्काँडा-बडाल-रेल सडक स्तोरन्नति र कालोपत्र गर्न संघ सरकारसँघ र स्थानीय तहको केन्द्र जोड्ने पक्की सडकका लागि प्रदेश सरकारसँगको सहकार्यमा **रडुवा-कलारीमाडौ-बडाल सडक** कालोपत्रे गर्नका लागि पहल गरिनेछ ।

६. गाउँपालिकाभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडादरमा एकरुपता कायम गरिनेछ ।

७. गाउँपालिकाभित्र यातायातको पहुँचलाई आधा घण्टाभित्र पुर्‍याउनका लागि झोलुङ्गे पुल निर्माणको कार्यलाई निरन्तरता दिनइनेछ ।

ईन्द्र बहादुर कार्की
अध्यक्ष

नन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

८. सडक पूर्वाधारको निर्माण तथा सञ्चालनमा संघीय सरकार तथा प्रदेश सरकारसँग साझेदारी तथा सहयोगमा सडक निर्माण तथा मर्मत कार्य सञ्चालन गरिनेछ।

## ख. शहरी योजना, बस्ती विकास तथा आवास कार्यक्रम

१. एकीकृत विकासका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. आवधिक योजनाको अद्यावधिक गरी सोही अनुरुपका योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

४. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

५. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड, २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

७. भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ।

८. गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

९. गाउँपालिकाको भू-उपयोग क्षेत्र अनुसार बस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।

१०. गाउँपालिकाभित्र नयाँ गाउँ सामुदायिक अभियान सञ्चालन गरी परिश्रम, स्वयम् सेवा र सहकार्यको विकास गरिनेछ।

११. आवासको हकलाई सुनिश्चित गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ। यसका लागि निजीक्षेत्रसँग साझेदारी समेत गर्न सकिनेछ।

## ग. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. स्वच्छ खानेपानीको पहुँचका लागि खानेपानीको अभाव भएका गाउँहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा खानेपानी पुऱ्याउन आवश्यक पहल गरिनेछ। खानेपानीको दिगो व्यवस्थापनका गर्नका लागि **एक घर एक धारा** कार्यक्रमलाई जोड दिइनेछ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष

न्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

४. खानेपानीका मुहानहरुको संरक्षण गर्न मुहानमा वृक्षारोपण गर्ने, वातावरणीय ह्रास हुन नदिने, पानीको मुहानहरुको संरक्षणबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनुका साथै विभिन्न मुहान भएका स्थानहरुमा Water Recharge पोखरी बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ।

५. दिगो विकास लक्ष्य अनुरुप गाउँपालिकाको WASH Plan तयार गरी कार्यान्वयन गरिनेछ भने विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा पनि WASH कार्यक्रम लागू गरिनेछ। खानेपानी सुरक्षा योजना टोली गठन गर्ने, खानेपानीको गुणस्तर जाँच गरी सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्दै जाने तथा गाउँपालिकालाई पूर्ण रुपमा सुरक्षित खानेपानीयुक्त पालिका घोषणा गर्न पहल गरिनेछ।

**घ. विद्युत/उर्जा सम्बन्धी नीति**

१. विद्युत लाईन विस्तार नभएका सबै बस्ती तथा टोलहरूमा विद्युतीकरणको व्यवस्था गरिनेछ। आगामी वर्षभित्र सबै गाउँपालिकालाई राष्ट्रिय प्रशारण लाइनमा जोडी **उज्यालो गन्यापधुरा** कार्यक्रमलाई सार्थकता दिइनेछ।

२. नवीकरणीय उर्जाको प्रयोग तथा खपत गर्न प्रोत्साहन गरिनेछ। नवीकरणीय उर्जा प्रवर्द्धन केन्द्र तथा वैकल्पिक उर्जा विकास केन्द्रसँग आवश्यक सहकार्य तथा समन्वय गरिनेछ। उर्जामा महिलाको पहुँच बृद्धि गर्नका लागि घरभित्र धुँवामुक्त अभियानलाई सफल बनाउन विद्युतीय चुल्होलाई प्रोत्साहन गरिनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजश्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै लगिनेछ। कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

६. अव्यवस्थित बसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशील पुनरावलोकन गरिनेछ।

७. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागू गरिनेछ।

८. गाउँपालिकाको स्वामित्व र क्षेत्राधिकारका करका क्षेत्रहरूमा करको दायरा बढाउने र कर छलीको प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

९. राजश्वमा एकरुपता कायम गर्न सूत्रमा आधारित राजश्व संकलन प्रणाली लागू गरिनेछ।

१०. हाल सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसायलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता कार्य सम्बन्धित व्यवसायीको व्यापार रहेको स्थानमा गएर व्यवसाय दर्ता गर्न कार्य गरिनेछ।



गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ईन्द्र बहादुर कार्की
अध्यक्ष

११. कर शिक्षा कार्यक्रम लागू गरी **हामीले तिरको कर हाम्रै लागि** भन्ने अवधारणा अनुरुप कर तिर्नलाई प्रोत्साहन गर्नका लागि कर शिक्षा कार्यक्रम लागू गरिनेछ ।

१२. वार्षिक रुपमा उत्कृष्ट करदाताको पहिचान गरी सबैभन्दा उत्कृष्ट करदातालाई पुरस्कृत गरिनेछ ।

**गाउँ सभाका सदस्यज्युहरु,**

गन्यापधुरा गाउँपालिकाको राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिहरुलाई संरक्षण गर्दै गन्यापधुराको गौरव, सम्मान, स्वाभिमान र हित प्रवर्द्धन गर्ने, कोरोना महामारीबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरुलाई पुर्नजीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट आर्थिक तथा सामाजिक क्षेत्र थप गतिशील हुने र पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ । यसले समृद्ध गन्यापधुराको आकांक्षा पुरा गर्न योगदान गर्नेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सदाझै यस गाउँपालिकालाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु । आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्ने हुने सम्पूर्ण जनप्रतिनिधिज्युहरु, राजनीतिक दल, कर्मचारी वर्ग, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघ संस्था, पत्रकार तथा आम गन्यापधुरावासी दाजुभाई दिदी बहिनीहरुलाई हार्दिक आधार प्रकट गर्दछु ।

**धन्यवाद !!!**

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष